# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मितिः २०७३।०५।१६ गते

# प्रेस विज्ञप्ति

## विषयः आरोपपत्र दायर गरिएको ।

---

जनप्रिय नि.मा.वि., भुवनपोखरी, पाल्पाका नि.मा.वि. शिक्षक विनोद कुमार भण्डारीले निम्न माध्यमिक तहको झुठ्ठा स्थायी अध्यापन अनुमती पत्र पेश गरी राष्ट्रसेवक नि.मा.वि. शिक्षक पदमा २०६६/०५/१० देखी नियुक्ति भई २०७१/०९/१६ सम्म कार्यरत रही लाभ तथा सुविधा लिई प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिमको कसुर गरेको देखिएको हुँदा निज विनोद कुमार भण्डारीलाई प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ ।

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवम् सूचना अधिकारी